बैठक संख्या- १ मिति २०६२।०४।०६

आज मिति २०६२।०४।०६ गते बुधवारका दिन धरान उपमहानगर-पालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति:

श्री टीकादत्त राई- कार्यकारी अधिकृत- धरान उपमहानगरपालिका

आमन्त्रित :

श्री गणेशप्रसाद खतिवडा- व- प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा- व- कर अधिकृत

श्री सुरज श्रेष्ठ - व- इन्जिनियर

श्री रमेश शाह- व- आ- ले- प-

श्री- भेषराज अधिकारी - व- लेखा अधिकृत -

श्री- राजु पोखरेल- इन्जिनियर

श्री- सुनील नेपाल- सामाजिक विकास अधिकृत

निर्णयहरु:

(१) Replacement of Constructions Supervision Engineer - 2 सम्बन्धमा: धरान खानेपानी परियोजनाको डिजाइन र सुपरभिजनकोलागि नियुक्त परामर्शदाता Building Design Authority (Pvt) Ltd. Kamaladi, Kathmandu ले Construction Supervision Engineer-2 को लागि प्रस्तावित गरेको साविकको जनशक्ति श्री इन्द्रकुमार पौड्यालले सो पदबाट राजिनामा दिएको र नीजको ठाउमा श्री कमल नारायण सरदारलाई आवश्यक कागजात सहित Replacment को लागि प्रस्ताव गरे अनुसार परामर्शदाता मुल्याङ्कन समिति (छनौट समिति) बाट समेत साविकको जनशक्तिको अंक र नया प्रस्तावित जनशक्तिको अंक समान (Equal) रहेको व्यहोरा खुलाई Replacment को लागि सिफारिस भई आएको हुंदा मुल्याङ्कन सम्बन्धि कागजात सहित सहमतिको लागि एकिकृत शहरी विकास आयोजना, आयोजना समन्वय कार्यालयमा पठाउने निर्णय गरियो ।

(२) परीक्षा दस्तुर फिर्ता दिने सम्बन्धमा: यस उप महानगर-पालिकाबाट संचालित खानेपानी आयोजनाकोलागि

हलुका सवारी-चालक (एक) को आवश्यक भई पदपुर्ति समितिले विज्ञापन गरी आवेदन दर्ता भइ सकेको तर हाल कार्यरत सवारी-चालकबाटै काम चल्ने भएकाले कार्यालयको अनुरोधमा पदपुर्ति समितिको मिति २०६२।३।१० गतेको बैठकबाट परीक्षा रद्द भएकाले दर्खास्त दर्ता गराएकाहरूको परीक्षा दस्तुर फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं. ४ - सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन सम्बन्धमा :- यहि मिति २०६२।०३।१८ गते शुक्रबारका दिन यस कार्यालयको आयोजनामा सम्पन्न भएको यस कार्यालयको तेस्रो सार्वजनिक (अन्तिम आ.व. २०६१।६२) सुनुवाइ कार्यक्रम "धरान उपमहा नगर पालिकाबाट उपलब्ध गराइएका सेवाहरु" विषयकमा सम्पन्न भएको र उक्त कार्यक्रमको प्रतिवेदनलाई विभिन्न पत्रपत्रिका तथा मिडियाहरुबाट सार्वजनिक समेत गरिएकोले प्रतिवेदनले औंल्याएका विषयहरुलाई आगामी सम्पन्न गरिने नीति तथा कार्यक्रमहरुमा क्रमस समेट्दै लैजाने निर्णय गरियो ।

आजको बोर्ड बैठक बिहान १०:०० बजे समाप्त गरियो
माइन्यूटकर्ता - अमितराज शर्मा - सूचना अधिकृत